# बेनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी
२०७३

गण्डकी प्रदेश

## सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना।

**(प्रथम पटक प्रकाशित मिति: २०७९/०९/२६)**

बेनी नगरपालिका अन्तर्गतका देहाय बमोजिमका पदहरुमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिए बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र (मिति २०७९/१०/०३ गतेसम्म) राजस्व तिरेको रसिद सहित तोकिएको ढाँचामा कार्यालय समयभित्र आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| क्र.सं. | विज्ञापन नं. | पद | काम गर्नुपर्ने स्थान | माग संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १२/०७९/८० | विद्यालय नर्स | बेनी सामुदायिक मावि | १(एक) | रु ५००(पाँच सय रुपैयाँ) | |

१. **आवश्यक न्युनतम योग्यता र अनुभव :** मान्यताप्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको
२. **उमेर** : कम्तिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
३. **दरखास्त दिने स्थान** : बेनी नगर कार्यपालिकाको कार्यालय, बेनी ।
४. **छनौट किसिम** : लिखित परीक्षा तथा अन्तरवार्ता
५. **आवेदक स्वयंले प्रमाणित गरी देहायका कागजातहरु दरखास्तसाथ संलग्न गरी पेश गर्नुपर्नेछ ।**
   क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
   ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि
   ग) अनुभव तथा तालिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि
६. **सेवा सुविधा** : नगरपालिकाले तोके बमोजिम हुनेछ।
७. **दरखास्तसँग सम्बन्धित अन्य विषय :**
   क. तोकिएको समयावधि भित्र पेश नभएका तथा रीत नपुगेका आवेदनलाई मान्यता दिइने छैन।
   ख. दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट कायम हुनेछ ।
   ग. स्थानीयवासी एवं महिलालाई विशेष प्राथमिकता दिइनेछ ।
   घ. अन्य कुरा बेनी नगरपालिकाको शिक्षक तथा कर्मचारी भर्ना सम्बन्धी कार्यविधि, २०७९ बमोजिम हुनेछ।
   ङ. उल्लेखित पदको पाठ्यक्रम र दरखास्त फाराम बेनी नगरपालिकाको वेबसाइट www.benimun.gov.np बाट डाउन्लोड गर्न सकिनेछ ।
   च. थप जानकारीका लागि बेनी नगरपालिकामा सम्पर्क राख्न सकिनेछ ।

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

........................
धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं-०६९-५२१०९५/५२०१२०फ्याक्स नं. ०६९-५२१०९५वेबसाइटः www.benimun.gov.np
इमेल: info@benimun.gov.np, benimunicipality@gmail.com फेसबुकःwww.facebook.com/beninagarpalika